# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका वैठक, वैठक संख्या ०१/०७८/०७९

आज मिति २०७८ साल श्रावण १७ गते आईतबार विहान ११:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | अनु |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | अनु. |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | अनु. |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | अनु |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | अनु. |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | अनु. |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | अनु. |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | अनु. |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | अनु. |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | अनु. |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री रत्नबहादुर कटुवाल | नि. प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | जमुना [illegible] | का.वा. प्रमुख | |
| २. | ज्ञानेन्द्र बस्नेत | " / | |
| ३. | कर्ण बा. तामाङ | ,, ,, २० - | |
| ४. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

बुना शंकर का. अ. [illegible] Bima

बैठकमा छलफल र निर्णय भएका विषयहरु :–

१. बैठकको गणपुरक संख्या सम्बन्धमा:–

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २२ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा:–

आजको बैठक चालु आ. ब. को पहिलो बैठक भएको र अघिल्ला आ.ब.मा बसेको बैठकहरूको निर्णय कार्यान्वयनको समिक्षा अघिल्लो आ.ब. मै भएको ।

३. कोरोना भाईरस बिरूद्धको खोप लगाउने कामको ब्यबस्थापन सम्बन्धमा :–

हाल विश्वभरी महामारीको रूपमा फैलिरहेको कोरोना भाईरस विरूद्धको खोप नेपाल सरकारवाट लक्षित समूह तोकेर उपलब्ध गराए अनुसार धरानमा जम्मा ७ वटा खोपकेन्द्र तोकी खोप लगाउने काम भै रहेकोमा हाल सम्मको खोपको अबस्था बारेमा समिक्षा गरियो ।खोप प्रति जनमानसको चासो दिन प्रतिदिन बढ्दै गएकाले सो कार्यमा केहि समस्या आएकाले त्यसको व्यबस्थापन गर्न हालका ७ वटै खोपकेन्द्रको परिचालन गरेर वडाहरूवाटै तोकिएका लक्षित समूहलाई खोप लगाउने ब्यबस्था गर्ने र सो वडामा खोपकेन्दको व्यबस्थापन गर्न सम्बन्धीत वडाध्यक्षको अध्यक्षतामा सर्वदलिय संयन्त्रको गठन गर्ने साथै अन्य तोकिएका लक्षित वर्गकालागि छुट्टै खोपकेन्द्रको व्यबस्था गर्ने निर्णय गरियो ।

४. **समिक्षा बैठक सम्बन्धमा :**

आ.ब. २०७७।०७८ को बार्षिक प्रगती समिक्षा बैठक मिति २०७८।०५।११ गते बस्ने निर्णय गरियो ।

५. संस्थागत विद्यालयहरुको शुल्क निर्धारण सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको अनुगमन, व्यवस्थापन तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको र हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको कारण उत्पन्न विषम परिस्थितिका कारण विद्यालयहरुमा प्रत्यक्ष रुपमा पठन पाठन हुन नसकी रहेको र बैकल्पीक माध्यम (अनलाईन ) वाट विद्यालयहरु संचालन भै रहेको सन्दर्भमा संस्थागत विद्यालयहरुले उठाउने मासिक शुल्कका सम्बन्धमा अन्योल र केहि विवाद भैरहेकाले गत बर्ष र यस बर्ष संचालन भएको कक्षा समय, विद्यालयका व्यबहारीक खर्च आदिलाई आधारमानी बस्तुपरक शुल्क तयार गरी त्यसको निराकरणका लागि यस वर्षपनि गत वर्ष निर्धारण गरिएको शुल्कलाई आधार मान्दै शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

६. स्वास्थ्य लाभको कामना सम्बन्धमा :–

हाल वडा नं. २० का वडाध्यक्ष श्री मणिराम राई कोरोना संक्रमित भै होम आईसोलेसनमा रहनु भएको र कार्यपालिका सदस्य श्री सुबास राई विरामी भै बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचाररत रहनु भएको साथै वडा नं २० का वडा सदस्य महशेर राई समेत अस्वस्थ्य भै कोरोना संक्रमणको शंका रहकाले वहाँहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

आजको बैठक दिउसो १:०० वजे समाप्त भयो ।

बैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत ,गणेश प्रसाद खतिवडा ।